
# छ. लैङ्गिक

१. घर, जग्गा, र पाल्तु चौपायामा महिलाको स्वामित्व अनुसार परिवारको वितरण
२. सबै तहका विद्यालयहरुमा शिक्षिकाहरु
३. प्राथमिक तहका विद्यालयहरुमा शिक्षिकाहरुको अनुपात
४. प्रौढ साक्षरतामा लैङ्गिक असन्तुलन
५. विधवाहरुको समानुपात
६. विधुरहरुको समानुपात
७. पारपाचुके र छुट्टिएका व्यक्तिहरुको समानुपात





# घर, जग्गा, र पाल्तु चौपायामा महिलाको स्वामित्व अनुसार परिवारको वितरण, २०५८

महिलाहरूको सम्पत्ति माथि अधिकार र घर, जग्गा जस्ता अचल सम्पत्तिमा उनीहरूको स्वामित्व जस्ता प्रश्नहरू हालका दिनहरूमा निकै अभिरुचिको विषय बन्ने गरेको छ । यसै कुरालाई दृष्टिगत गरी वि.सं. २०५८ को जनगणनामा घर, जग्गा जस्ता अचल सम्पत्ति साथै पाल्तु चौपायामा महिलाहरूको स्वामित्व सम्बन्धी विवरण पहिलो पटक संकलन गरिएको थियो । यस अनुसार नेपाल अधिराज्यको कुनै जिल्ला वा ठाउँमा भए पनि परिवारका कुनै (एक वा एक भन्दा बढी) महिला सदस्यको स्वामित्वमा वा नाममा घर वा जग्गा वा दुवै सम्पत्ति साथै उनीहरूको आफ्नो पेवा, दाइजोबाट प्राप्त पाल्तु चौपाया भए नभएको बारे विवरण संकलन गरिएको थियो । सम्पत्ति माथि महिलाहरूको स्वामित्व भएका परिवारहरूको अनुपात भन्नाले परिवारका कुनै ( एक वा एक भन्दा बढी) महिला सदस्यको स्वामित्वमा रहेको सम्पत्ति (घर वा जग्गा वा पाल्तु चौपाया वा यी मध्ये कुनैको संयोजन) भएका परिवारहरूको संख्या र कूल परिवार संख्याको अनुपातलाई जनाउँछ । यस अनुपातलाई प्रतिशतमा व्यक्त गरिएको छ ।

जनगणना २०५८ मा कूल ७ लाख १४ हजार ९ सय ७० परिवारहरूले अर्थात् गणना भएको कूल परिवार संख्या मध्येको १७.१३ प्रतिशत परिवारले परिवारका कम्तीमा पनि एक जना महिला सदस्यको माथि उल्लेखित सम्पत्ति माथि स्वामित्व रहेको विवरण दिएका थिए । जिल्लागत रूपमा उल्लेखित सम्पत्ति माथि स्वामित्व सम्प्रेषण गर्ने परिवारको प्रतिशत अनुपात सबैभन्दा बढी ओखलढुङ्गामा (३५.६५ प्रतिशत) र सबैभन्दा कम कालीकोटमा (३.११ प्रतिशत) रहेको थियो । सबै जिल्लाहरूको उल्लेखित सम्पत्ति माथि स्वामित्व सम्प्रेषण गर्ने परिवारको प्रतिशत अनुपातलाई राष्ट्रिय मान (१७.१३ प्रतिशत) संग तुलना गर्दा ४६ जिल्लाहरूमा राष्ट्रिय मान भन्दा कम र २९ जिल्लाहरूमा बढी रहेको थियो ।

तालिका छ. १

| जिल्ला | अनुपात** | जिल्ला | अनुपात** | जिल्ला | अनुपात** | जिल्ला | अनुपात** | जिल्ला | अनुपात** |
|---|---|---|---|---|---|---|---|---|---|
| अर्घाखाँची | १३.३७ | चितवन | २३.५२ | धनुषा | १६.७६ | बैतडी | ७.०६ | रौतहट | १५.७९ |
| अछाम | ५.०१ | जाजरकोट | १६.३७ | धादिङ्ग | २०.४६ | भक्तपुर | १०.८४ | समजुङ्ग | २०.२२ |
| ईलाम | १४.९ | जुम्ला* | ५.५१ | नवलपरासी | २०.०९ | भोजपुर | १९.२९ | ललितपुर | १३.९६ |
| उदयपुर | २५.११ | झापा* | २४.१५ | नुवाकोट | २०.०५ | मकवानपुर | १८.२ | सप्तरी | १६.०४ |
| ओखलढुङ्गा | ३५.६५ | डडेलधुरा | ७.७५ | पर्वत | १४.५६ | मनाङ्ग | १५.३२ | सल्यान* | ८.३८ |
| कञ्चनपुर | १२.१४ | डोटी | ९.४२ | पर्सा | १७.८७ | महोत्तरी | १३.६७ | सर्लाही | १५.५४ |
| कपिलबस्तु | १४.६२ | डोल्पा* | ९.५८ | पाल्पा | १६.२४ | म्याग्दी | १२.७६ | स्याङ्जा | १४.४७ |
| काठमाण्डौ | १२.६३ | तनहूँ | २१.७७ | पाँचथर | २३.६६ | मुगु* | १०.१८ | संखुवासभा | २३.०६ |
| काभ्रेपलाञ्चोक | २०.६५ | ताप्लेजुङ्ग | २८.७७ | प्यूठान | १३.९६ | मुस्ताङ्ग | १०.०५ | सिन्धुपाल्चोक* | १६.६७ |
| कालीकोट* | ३.११ | तेह्रथुम | २९.९३ | बझाङ्ग | २०.९३ | मोरङ्ग | २३.९८ | सिन्धुली* | २३.०३ |
| कास्की | २०.६५ | दाङ्ग | १५.२३ | बर्दिया | १५.६९ | रसुवा | १३.४५ | सिराहा* | १३.६५ |
| कैलाली | १०.९३ | दार्चुला | २३.३६ | बाग्लुङ्ग | १२.९४ | रामेछाप | २५.९६ | सुनसरी | २२.९४ |
| खोटाङ्ग | २५.६५ | दैलेख | ६.८१ | बाँके | १४.०९ | रुकुम | ७.४६ | सुर्खेत* | १४.२९ |
| गुल्मी | ११.६१ | दोलखा* | १५.८२ | बाजुरा* | २०.२२ | रूपन्देही | १६.०२ | सोलुखुम्बू | २८.५० |
| गोरखा | १८.९१ | धनकुटा | २०.१७ | बारा | १६.४४ | रोल्पा | १०.२७ | हुम्ला | ७.७८ |


* यी अङ्कहरु गणना भएको जनसंख्यामा आधारित छन् किनकी यी जिल्लाहरुको गणना कार्यमा बाधा-व्यवधान भएको थियो । (परिचय खण्डमा हेर्नु होस्)

** सम्पत्ति माथि महिलाहरूको स्वामित्व सम्प्रेषण गर्ने परिवारहरूको प्रतिशत अनुपात

# घर, जग्गा, र पाल्तु चौपायामा महिलाको स्वामित्व अनुसार परिवारको वितरण



घर, जग्गा, र पाल्तु चौपायामा परिवारको कम्तीमा पनि एक जना महिला सदस्यको स्वामित्व भएका
परिवार संख्या र कुल परिवार संख्याको अनुपात प्रतिशतमा, २०५८




MENRIS 2003

## सबै तहका विद्यालयहरूमा शिक्षिकाहरू, २०५७

यस परिच्छेदमा समग्रमा विद्यालयहरूका शिक्षिकाहरूको समानुपातलाई सबै तहका विद्यालयहरूको शिक्षिकाहरूको संख्या र सोही तहको कूल शिक्षक/शिक्षिकाहरूको संख्याको अनुपातद्वारा इंगित गरिएको छ । यस सूचकलाई प्रतिशतमा व्यक्त गरिएको छ । वि.सं. २०५७ मा शिक्षा विभागद्वारा प्रकाशित प्रतिवेदन अनुसार नेपालमा सबै तहका विद्यालयहरूमा शिक्षिकाहरूको संख्या २९ हजार ३ सय ११ थियो, जुन सबै तहका कूल शिक्षक/शिक्षिका संख्या (१,४२,७५२) को २०.५३ प्रतिशत थियो । जिल्लागत रूपमा शिक्षिकाहरूको प्रतिशत अनुपात सबैभन्दा कम बझाङ्गमा (५.९५ प्रतिशत) र सबैभन्दा बढी काठमाण्डौमा (४६.१९ प्रतिशत) थियो । यस्तै सबै जिल्लाहरूको शिक्षिकाहरूको प्रतिशत अनुपातलाई राष्ट्रिय मान (२०.५३ प्रतिशत) संग तुलना गर्दा ५९ जिल्लाहरूमा राष्ट्रिय मान भन्दा कम र १६ जिल्लाहरूमा उच्च रहेको थियो ।

तालिका छ. २


| जिल्ला | अनुपात** | जिल्ला | अनुपात** | जिल्ला | अनुपात** | जिल्ला | अनुपात** | जिल्ला | अनुपात** |
|---|---|---|---|---|---|---|---|---|---|
| अर्घाखाँची | १७.६५ | चितवन | २३.९८ | धनुषा | २०.२० | बैतडी | ९.५१ | रौतहट | १०.६२ |
| अछाम | ७.९७ | जाजरकोट | १५.०५ | धादिङ्ग | १५.८२ | भक्तपुर | ३४.४२ | लमजुङ्ग | २१.६८ |
| ईलाम | १७.२१ | जुम्ला | १३.८९ | नवलपरासी | २०.१७ | भोजपुर | १२.७६ | ललितपुर | ४०.६५ |
| उदयपुर | १३.३३ | झापा | २३.६९ | नुवाकोट | १३.०२ | मकवानपुर | १७.९१ | सप्तरी | १२.३२ |
| ओखलढुङ्गा | १७.८३ | डडेलधुरा | १०.७९ | पर्वत | १७.२ | मनाङ्ग | २६.२० | सल्यान | १२.३८ |
| कन्चनपुर | १९.७८ | डोटी | १२.०२ | पर्सा | १९.८५ | महोत्तरी | १३.७३ | सर्लाही | १७.६६ |
| कपिलबस्तु | १९.९७ | डोल्पा | १४.८८ | पाल्पा | १८.९८ | म्याग्दी | १८.४५ | स्याङ्जा | २२.१३ |
| काठमाण्डौ | ४६.१९ | तनहूँ | २२.९७ | पाँचथर | १२.९९ | मुगु | १२.९३ | संखुवासभा | १३.१९ |
| काभ्रेपलाञ्चोक | १८.७४ | ताप्लेजुङ्ग | १५.६४ | प्यूठान | १४.७६ | मुस्ताङ्ग | २२.१६ | सिन्धुपाल्चोक | ११.८६ |
| कालीकोट | १२.५५ | तेह्रथुम | १२.४६ | बझाङ्ग | ५.९५ | मोरङ्ग | २२.८१ | सिन्धुली | १२.१९ |
| कास्की | ३०.३१ | दाङ्ग | १८.०५ | बर्दिया | १७.५९ | रसुवा | १८.२८ | सिराहा | ११.९६ |
| कैलाली | १९.४६ | दार्चुला | १४.११ | बाग्लुङ्ग | १९.०१ | रामेछाप | ११.९७ | सुनसरी | २४.५९ |
| खोटाङ्ग | १६.२७ | दैलेख | ११.१० | बाँके | २२.१३ | रुकुम | १२.३८ | सुर्खेत | १४.८३ |
| गुल्मी | १८.५४ | दोलखा | १४.७४ | बाजुरा | १०.०८ | रूपन्देही | २७.८३ | सोलुखुम्बू | १८.९९ |
| गोरखा | १८.०४ | धनकुटा | २१.४६ | बारा | १३.१७ | रोल्पा | ११.९७ | हुम्ला | १३.९५ |

स्रोत: विद्यालय ( , भक्तपुर) ** सबै तहका

# सबै तहका विद्यालयहरूमा शिक्षिकाहरू



सबै तहका विद्यालयहरूमा शिक्षिकाहरूको प्रतिशत, २०५७



**संकेत**

शिक्षिकाहरूको प्रतिशत

- ३०.०० भन्दा माथि
- २५.०१ - ३०.००
- २०.०१ - २५.००
- १५.०१ - २०.००
- १५.०० सम्म

अधिकतम : काठमाडौं

न्यूनतम :

किलोमिटर

आधार नक्सा : प्रशासकीय नक्सा
नापी विभाग

तथ्याङ्क स्रोत : शिक्षा विभाग, २०५७

श्री ५ को सरकार
केन्द्रीय तथ्याङ्क विभाग

ICIMOD
MENRIS 2003

# प्राथमिक तहका विद्यालयहरूमा शिक्षिकाहरू, २०५७

प्राथमिक तहका विद्यालयहरूमा शिक्षिकाहरूको अनुपात भन्नाले प्राथमिक तहका विद्यालयहरूमा कार्यरत शिक्षिकाहरूको संख्या र सोही तहका कूल शिक्षक/शिक्षिकाहरूको संख्याको अनुपातलाई जनाउँछ । यस सूचकलाई प्रतिशतमा ब्यक्त गरिन्छ । वि.सं. २०५७ मा शिक्षा विभागद्वारा प्रकाशित प्रतिवेदन अनुसार प्राथमिक तहको विद्यालयहरूमा शिक्षिकाहरूको संख्या २४ हजार ७ सय ७० थियो, जुन प्राथमिक तहको कूल शिक्षक संख्या (९७,८७९) को २५.३१ प्रतिशत थियो । जिल्लागत रूपमा प्राथमिक तहका शिक्षिकाहरूको अनुपात सबैभन्दा कम बझाङ्गमा (७.७९ प्रतिशत) र सबैभन्दा बढी काठमाण्डौमा (६३.६६ प्रतिशत) थियो । यस्तै सबै जिल्लाहरूको प्राथमिक तहको विद्यालयहरूमा शिक्षिकाहरूको प्रतिशत अनुपातलाई राष्ट्रिय मान (२५.३१ प्रतिशत) संग तुलना गर्दा ५६ जिल्लाहरूमा राष्ट्रिय मान भन्दा कम र १९ जिल्लाहरूमा उच्च रहेको थियो ।

तालिका छ. ३


| जिल्ला | अनुपात** | जिल्ला | अनुपात** | जिल्ला | अनुपात** | जिल्ला | अनुपात** | जिल्ला | अनुपात** |
|---|---|---|---|---|---|---|---|---|---|
| अर्घाखाँची | २२.५० | चितवन | ३२.८७ | धनुषा | २६.१२ | बैतडी | १३.०९ | रौतहट | १३.९० |
| अछाम | १०.४२ | जाजरकोट | १९.१६ | धादिङ्ग | १९.३० | भक्तपुर | ४६.९६ | लमजुङ्ग | २८.१९ |
| ईलाम | २१.५५ | जुम्ला | १७.६३ | नवलपरासी | २५.५४ | भोजपुर | १५.४५ | ललितपुर | ५३.३५ |
| उदयपुर | १८.३५ | झापा | ३०.४३ | नुवाकोट | १५.३६ | मकवानपुर | २०.८१ | सप्तरी | १५.६४ |
| ओखलढुङ्गा | २२.६० | डडेलधुरा | १४.७७ | पर्वत | २३.१९ | मनाङ्ग | ३३.५८ | सल्यान | १४.६८ |
| कञ्चनपुर | २५.०२ | डोटी | १५.६८ | पर्सा | २२.६७ | महोत्तरी | १७.८४ | सर्लाही | २३.६६ |
| कपिलबस्तु | २४.१५ | डोल्पा | १७.०५ | पाल्पा | २३.०९ | म्याग्दी | २५.४४ | स्याङ्जा | २९.६१ |
| काठमाण्डौ | ६३.६६ | तनहूँ | २९.०४ | पाँचथर | १६.२५ | मुगु | १५.९१ | संखुवासभा | १६.५० |
| काभ्रेपलान्चोक | २२.०६ | ताप्लेजुङ्ग | १९.७६ | प्यूठान | १८.२८ | मुस्ताङ्ग | २८.२७ | सिन्धुपाल्चोक | १४.५५ |
| कालीकोट | १६.५३ | तेह्रथुम | १६.२२ | बझाङ्ग | ७.७९ | मोरङ्ग | २९.५६ | सिन्धुली | १५.६८ |
| कास्की | ४१.२० | दाङ्ग | २३.८३ | बर्दिया | २२.५३ | रसुवा | २१.६९ | सिराहा | १५.५० |
| कैलाली | २४.७० | दार्चुला | १७.४८ | बाग्लुङ्ग | २४.२१ | रामेछाप | १५.०१ | सुनसरी | ३१.७० |
| खोटाङ्ग | २०.२३ | दैलेख | १४.०९ | बाँके | २६.३१ | रुकुम | १५.५१ | सुर्खेत | १९.१८ |
| गुल्मी | २४.३४ | दोलखा | १७.६५ | बाजुरा | १३.२९ | रूपन्देही | ३५.०१ | सोलुखुम्बू | २३.२८ |
| गोरखा | २१.३९ | धनकुटा | २७.२० | बारा | १७.४१ | रोल्पा | १४.२६ | हुम्ला | १७.३४ |

स्रोत: विद्यालय ( , भक्तपुर) **

# प्राथमिक तहका विद्यालयहरूमा शिक्षिकाहरू



प्राथमिक तहका विद्यालयहरूमा शिक्षिकाहरूको प्रतिशत, २०५७




तथ्याङ्क स्रोत : शिक्षा विभाग, २०५७

श्री ५ को सरकार
केन्द्रीय तथ्याङ्क विभाग

# प्रौढ साक्षरतामा लैङ्गिक असन्तुलन, २०५८⊕

प्रौढ साक्षारतामा लैङ्गिक असन्तुलन भन्नाले १५ वर्ष वा सो भन्दा माथिको उमेर समूहका साक्षर महिलाहरू तथा पुरुषहरूको अनुपात र सोही उमेर समूहको लिङ्ग अनुपात (महिला-पुरुष अनुपात) ले गुणन गरी आएको परिणामलाई जनाउँछ । यो सूचकले साक्षारतामा भएको लैङ्गिक भेदभावको मापन गर्न मद्दत गर्दछ । सामान्यत: यो सूचकको मान थोरै भएमा लैङ्गिक असन्तुलन पनि बढी हुन्छ । जनगणना २०५८ को नतिजा अनुसार देशको कूल प्रौढ साक्षरतामा लैङ्गिक असन्तुलन अनुपात ०.५६ प्रतिशत थियो । जिल्लागत रूपमा यो असन्तुलन अनुपात सबैभन्दा कम मुगुमा (०.१२) र सबैभन्दा बढी चितवनमा (०.७२) थियो, अर्थात् यस्तै सबै जिल्लाहरूको प्रौढ साक्षारतामा लैङ्गिक असन्तुलन अनुपातलाई राष्ट्रिय मान (०.५६ प्रतिशत) संग तुलना गर्दा ४३ जिल्लाहरूमा राष्ट्रिय मान भन्दा कम र ३१ जिल्लाहरूमा उच्च रहेको थियो ।

**तालिका नं. ४**

| जिल्ला | लैङ्गिक असन्तुलन अनुपात | जिल्ला | लैङ्गिक असन्तुलन अनुपात | जिल्ला | लैङ्गिक असन्तुलन अनुपात | जिल्ला | लैङ्गिक असन्तुलन अनुपात | जिल्ला | लैङ्गिक असन्तुलन अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|
| अर्घाखाँची | ०.५८ | चितवन | ०.७२ | धनुषा | ०.३६ | बैतडी | ०.३४ | रौतहट | ०.४० |
| अछाम | ०.१६ | जाजरकोट | ०.३८ | धादिङ | ०.६४ | भक्तपुर | ०.६५ | लमजुङ | ०.५६ |
| ईलाम | ०.७१ | जुम्ला* | ०.२२ | नवलपरासी | ०.५२ | भोजपुर | ०.५५ | ललितपुर | ०.६८ |
| उदयपुर | ०.५४ | झापा* | ०.७१ | नुवाकोट | ०.५१ | मकवानपुर | ०.६५ | सप्तरी | ०.४६ |
| ओखलढुङ्गा | ०.४४ | डडेलधुरा | ०.३० | पर्वत | ०.६० | मनाङ | ०.६८ | सल्यान* | ०.४४ |
| कञ्चनपुर | ०.५३ | डोटी | ०.२८ | पर्सा | ०.४१ | महोत्तरी | ०.३९ | सर्लाही | ०.४२ |
| कपिलबस्तु | ०.४५ | डोल्पा* | ०.२६ | पाल्पा | ०.६८ | म्याग्दी | ०.५८ | स्याङ्जा | ०.६५ |
| काठमाण्डौ | ०.७१ | तनहुँ | ०.६३ | पाँचथर | ०.५७ | मुगु* | ०.१२ | संखुवासभा | ०.६१ |
| काभ्रेपलाञ्चोक | ०.५८ | ताप्लेजुङ | ०.५७ | प्यूठान | ०.४० | मुस्ताङ | ०.५७ | सिन्धुपाल्चोक* | ०.४३ |
| कालीकोट* | ०.२२ | तेह्रथुम | ०.५७ | बझाङ | ०.१४ | मोरङ | ०.६१ | सिन्धुली* | ०.४८ |
| कास्की | ०.६६ | दाङ | ०.३२ | बर्दिया | ०.५५ | रसुवा | ०.४१ | सिराहा* | ०.३९ |
| कैलाली | ०.५३ | दार्चुला | ०.४९ | बाग्लुङ | ०.६२ | रामेछाप | ०.३५ | सुनसरी | ०.६३ |
| खोटाङ | ०.५० | दैलेख | ०.५७ | बाँके | ०.६७ | रुकुम | ०.३८ | सुर्खेत* | ०.५९ |
| गुल्मी | ०.५९ | दोलखा* | ०.४७ | बाजुरा* | ०.२० | रूपन्देही | ०.६६ | सोलुखुम्बु | ०.४९ |
| गोरखा | ०.६१ | धनकुटा | ०.५२ | बारा | ०.४२ | रोल्पा | ०.३० | हुम्ला | ०.१४ |


* यी आंकडा गणना भएको जनसंख्यामा आधारित छन् किनकी यी जिल्लाहरुको गणना कार्यमा बाधा-व्यवधान भएको थियो । (परिचय खण्डमा हेर्नु होस्)

⊕ छनौटमा परेका घरपरिवारबाट गणना गरिएको । छनौट तरीकाबारे परिचय खण्ड हेर्नु होस् ।

# प्रौढ साक्षरतामा लैङ्गिक असन्तुलन



१५ वर्ष वा सो भन्दा माथिको उमेर समूहका साक्षर महिलाहरू तथा पुरुषहरूको अनुपात र सोही उमेर समूहको लिङ्ग अनुपातको तुलनात्मक, २०५८



**संकेत**

साक्षर प्रौढ महिलाहरू र पुरुषहरूको अनुपात

- ०.६५ भन्दा माथि
- ०.५१ - ०.६५
- ०.४६ - ०.५०
- ०.३६ - ०.४५
- ०.३५ सम्म

अधिकतम : चितवन ०.७२
न्यूनतम : मुगु ०.१२

आधार नक्सा : स्थलरूप नक्सा (१:२५०,०००)
नापी विभाग, २०५४
तथ्याङ्क स्रोत : राष्ट्रिय जनगणना २०५८

मान नाप १ : ५,००,०००

किलोमिटर

श्री ५ को सरकार
केन्द्रीय तथ्याङ्क विभाग

ICIMOD
NEPAL 2003

# विधवाहरूको समानुपात, २०५८⊕

जीवनकालमा एक पटक विवाह भईसकेको, तर लोग्नेको मृत्यु भई पुन: विवाह नगरेकी स्त्रीलाई विधवा भनिन्छ । विधवाहरूको समानुपात भन्नाले विधवाहरूको जनसंख्या र १० वर्ष वा सो भन्दा माथिका विवाह भईसकेका कूल महिलाहरूको जनसंख्याको प्रतिशतमा व्यक्त अनुपातलाई बुझाउँछ । वि.सं. २०५८ को जनगणनाको नतीजा अनुसार देशको कूल विवाहित महिलाहरूको जनसंख्यामा ५.२४ प्रतिशत विधवा महिलाहरू थिए । जिल्लागत रूपमा विधवाहरूको सबैभन्दा कम समानुपात तेह्रथुममा (२.६५ प्रतिशत) र सबैभन्दा बढी समानुपात डोल्पामा (११.४१ प्रतिशत) थियो । यस्तै सबै जिल्लाहरूको विधवाहरूको समानुपातलाई राष्ट्रिय मान (५.२४ प्रतिशत) संग तुलना गर्दा ३६ जिल्लाहरूमा राष्ट्रिय मान भन्दा कम र ३९ जिल्लाहरूमा उच्च रहेको थियो ।

**तालिका छ ५**


| जिल्ला | विधवाहरूको समानुपात** | जिल्ला | विधवाहरूको समानुपात** | जिल्ला | विधवाहरूको समानुपात** | जिल्ला | विधवाहरूको समानुपात** | जिल्ला | विधवाहरूको समानुपात** |
|---|---|---|---|---|---|---|---|---|---|
| अर्घाखाँची | ३.६३ | चितवन | ५.३४ | धनुषा | ६.४८ | बैतडी | ८.७८ | रौतहट | ५.९६ |
| अछाम | ५.३७ | जाजरकोट | ४.९७ | धादिङ्ग | ५.७० | भक्तपुर | ५.४२ | लमजुङ्ग | ५.९२ |
| ईलाम | ४.३६ | जुम्ला* | ५.०९ | नबलपरासी | ५.२८ | भोजपुर | ४.७५ | ललितपुर | ४.२७ |
| उदयपुर | ४.५७ | झापा* | ५.८१ | नुवाकोट | ६.०० | मकवानपुर | ६.३९ | सप्तरी | ५.५० |
| ओखलढुङ्गा | ७.०७ | डडेलधुरा | ८.४० | पर्वत | ६.८२ | मनाङ्ग | ११.२३ | सल्यान* | ३.६४ |
| कञ्चनपुर | ४.४७ | डोटी | ८.०२ | पर्सा | ४.८८ | महोत्तरी | ६.४८ | सर्लाही | ४.७८ |
| कपिलबस्तु | ६.०९ | डोल्पा* | ११.४१ | पाल्पा | ५.०६ | म्याग्दी | ३.५६ | स्याङ्जा | ९.८६ |
| काठमाण्डौ | ४.५७ | तनहूँ | ४.०५ | पाँचथर | ४.८७ | मुगु* | ७.८० | संखुवासभा | ३.९५ |
| काभ्रेपलाञ्चोक | ६.३३ | ताप्लेजुङ्ग | ५.४४ | प्यूठान | ४.८९ | मुस्ताङ्ग | ९.२९ | सिन्धुपाल्चोक* | ३.७५ |
| कालीकोट* | ३.२२ | तेह्रथुम | २.६५ | बझाङ्ग | ५.४९ | मोरङ्ग | ४.२६ | सिन्धुली* | ३.८० |
| कास्की | ३.९६ | दाङ्ग | ८.४० | बर्दिया | २.८३ | रसुवा | ६.०३ | सिराहा* | ५.४८ |
| कैलाली | २.७९ | दार्चुला | ६.२४ | बाग्लुङ्ग | ४.८९ | रामेछाप | ३.४३ | सुनसरी | ४.५५ |
| खोटाङ्ग | ५.८४ | दैलेख | ५.१३ | बाँके | ६.३३ | रुकुम | ३.६१ | सुर्खेत* | ४.२० |
| गुल्मी | ४.३६ | दोलखा* | ५.२९ | बाजुरा* | ४.८६ | रूपन्देही | ५.१९ | सोलुखुम्बू | ६.९० |
| गोरखा | ५.२५ | धनकुटा | ५.५८ | बारा | ६.११ | रोल्पा | ४.५० | हुम्ला | १०.०१ |

* यी अङ्कहरू गणना भएको जनसंख्यामा आधारित छन् किनकी यी जिल्लाहरूको गणना कार्यमा बाधा-अवरोध भएको थियो । (परिचय खण्डमा हेर्नु होस्)
** प्रतिशतमा

⊕ छनौटमा परेका घरपरिवारबाट गणना गरिएको । छनौट तरीकाबारे परिचय खण्ड हेर्नु होस् ।

# विधवाहरूको समानुपात

१० वर्ष र सो भन्दा माथिको उमेरका विधवाहरूको संख्या र सोही उमेर समूहका विवाहित महिलाहरूको संख्याको अनुपात प्रतिशतमा, २०४८



# विधुरहरूको समानुपात, २०५८⊕

जीवनकालमा एक पटक विवाह भईसकेको तर श्रीमतीको मृत्यु भई पुन: विवाह नगरेको पुरुषलाई विधुर भनिन्छ । विधुरहरूको समानुपात भन्नाले विधुरहरूको जनसंख्या र १० वर्ष वा सो भन्दा माथिका विवाह भईसकेका कूल पुरुषहरूको जनसंख्याको प्रतिशत अनुपातलाई बुझाउँछ । वि.सं. २०५८ को जनगणनाको नतीजा अनुसार देशको कूल विवाहित पुरुषहरूको जनसंख्यामा २.२१ प्रतिशत विधुरहरू थिए । जिल्लागत रूपमा विधुरहरूको सबैभन्दा कम समानुपात  कास्कीमा (१.२० प्रतिशत) र सबैभन्दा बढी समानुपात डोल्पामा (६.४४ प्रतिशत) थियो । यस्तै सबै जिल्लाहरूको विधुरहरूको समानुपातलाई राष्ट्रिय मान (२.२१ प्रतिशत) संग तुलना गर्दा ३३ जिल्लाहरूमा राष्ट्रिय मान भन्दा कम र ४१ जिल्लाहरूमा उच्च रहेको थियो ।

तालिका छ. ६

| जिल्ला | विधुरहरूको समानुपात** | जिल्ला | विधुरहरूको समानुपात** | जिल्ला | विधुरहरूको समानुपात** | जिल्ला | विधुरहरूको समानुपात** | जिल्ला | विधुरहरूको समानुपात** |
|---|---|---|---|---|---|---|---|---|---|
| अर्घाखाँची | १.५५ | चितवन | १.५२ | धनुषा | २.९१ | बैतडी | २.८६ | रौतहट | २.८५ |
| अछाम | २.६८ | जाजरकोट | ३.०९ | धादिङ्ग | २.२१ | भक्तपुर | २.०३ | लमजुङ्ग | २.७३ |
| ईलाम | २.५८ | जुम्ला* | ३.५२ | नवलपरासी | २.५९ | भोजपुर | २.५६ | ललितपुर | १.३७ |
| उदयपुर | १.६६ | झापा* | १.७२ | नुवाकोट | २.६२ | मकवानपुर | २.३७ | सप्तरी | १.८६ |
| ओखलढुङ्गा | २.९५ | डडेलधुरा | १.७९ | पर्वत | ३.२ | मनाङ्ग | ४.४१ | सल्यान* | १.९२ |
| कञ्चनपुर | १.४६ | डोटी | २.०८ | पर्सा | २.४१ | महोत्तरी | २.६ | सर्लाही | २.०३ |
| कपिलबस्तु | ३.९४ | डोल्पा* | ६.४४ | पाल्पा | २.३४ | म्याग्दी | १.७४ | स्याङ्जा | ३.४९ |
| काठमाण्डौ | १.२५ | तनहूँ | १.७२ | पाँचथर | ३.५९ | मुगु* | ४.७३ | संखुवासभा | १.६९ |
| काभ्रेपलाञ्चोक | २.४३ | ताप्लेजुङ्ग | ३.१६ | प्यूठान | २.४८ | मुस्ताङ्ग | ४.४४ | सिन्धुपाल्चोक* | २.१५ |
| कालीकोट* | १.३ | तेह्रथुम | १.३१ | बझाङ्ग | २.९९ | मोरङ्ग | १.४५ | सिन्धुली* | १.३७ |
| कास्की | १.२ | दाङ्ग | ४.४३ | बर्दिया | १.५९ | रसुवा | ३.६९ | सिराहा* | २.१३ |
| कैलाली | १.२७ | दार्चुला | ३.२८ | बाग्लुङ्ग | २.२८ | रामेछाप | १.६१ | सुनसरी | १.२९ |
| खोटाङ्ग | ३.५ | दैलेख | २.१३ | बाँके | २.७१ | रुकुम | २.५७ | सुर्खेत* | १.४४ |
| गुल्मी | २.१५ | दोलखा* | २.०६ | बाजुरा* | ३.६ | रूपन्देही | २.१२ | सोलुखुम्बू | ३.९८ |
| गोरखा | २.४१ | धनकुटा | १.९८ | बारा | ३ | रोल्पा | ३.१२ | हुम्ला | ५.३१ |


* यी अङ्कहरू गणना भएको जनसंख्यामा आधारित छन् किनकी यी जिल्लाहरूको गणना कार्यमा बाधा-व्यवधान भएको थियो । (परिचय खण्डमा हेर्नु होस्)
** प्रतिशतमा

⊕ छनौटमा परेका घरपरिवारबाट गणना गरिएको । छनौट तरीकाबारे परिचय खण्ड हेर्नु होस् ।

# विधुरहरूको समानुपात



१५ वर्ष र सो भन्दा माथिको उमेरका विधुरहरूको संख्या र सोही उमेर समूहका विवाहित पुरुषहरूको संख्याको अनुपात प्रतिशतमा, २०५८




किलोमिटर

श्री ५ को सरकार
केन्द्रीय तथ्याङ्क विभाग

ICIMOD
MENRIS 2003

आधार नक्सा : प्रशासकीय नक्सा
नापी विभाग
तथ्याङ्क स्रोत : राष्ट्रिय जनगणना २०५८

## पारपाचुके र छुट्टिएका व्यक्तिहरूको समानुपात, २०५८⊕


जनगणना २०५८ मा १० वर्ष वा सो भन्दा माथिका उमेर समूहका व्यक्तिहरूको वैवाहिक स्थिति अन्तर्गत पारपाचुके र छुट्टिएका व्यक्तिहरूको विवरण पनि संकलन गरिएको थियो । पारपाचुके र छुट्टिएका व्यक्तिहरूको समानुपात भन्नाले लोग्ने-स्वास्नी बीच पारपाचुके भएका साथै पारपाचुके नभई छुट्टिएर बसेका व्यक्तिहरूको संख्या र १० वर्ष वा सो भन्दा माथिका उमेर समूहका कूल विवाहित जनसंख्याको प्रतिशत अनुपातलाई बुझाउँछ । वि.स. २०५८ को जनगणनाको नतीजा अनुसार देशको पारपाचुके र छुट्टिएका व्यक्तिहरूको जनसंख्या कूल विवाहित जनसंख्याको ०.४३ प्रतिशत थियो । जिल्लागत रूपमा यो समानुपात सबैभन्दा कम सप्तरीमा (०.१५ प्रतिशत) र सबैभन्दा बढी मुस्ताङ्गमा (२.७५ प्रतिशत) थियो । यस्तै सबै जिल्लाहरूको पारपाचुके वा छुट्टिएका व्यक्तिहरूको समानुपातलाई राष्ट्रिय मान (०.४३ प्रतिशत) संग तुलना गर्दा ३३ जिल्लाहरूमा राष्ट्रिय मान भन्दा कम र ४२ जिल्लाहरूमा उच्च रहेको थियो ।

**तालिका छ. ७**

| जिल्ला | समानुपात** | जिल्ला | समानुपात** | जिल्ला | समानुपात** | जिल्ला | समानुपात** | जिल्ला | समानुपात** |
|---|---|---|---|---|---|---|---|---|---|
| अर्घाखाँची | ०.२५ | चितवन | ०.५२ | धनुषा | ०.५७ | बैतडी | ०.१७ | रौतहट | ०.१९ |
| अछाम | ०.४९ | जाजरकोट | ०.६७ | धादिङ्ग | ०.८१ | भक्तपुर | ०.३२ | लमजुङ्ग | ०.६३ |
| ईलाम | ०.७१ | जुम्ला* | ०.६१ | नवलपरासी | ०.४५ | भोजपुर | ०.६८ | ललितपुर | ०.३४ |
| उदयपुर | ०.४० | झापा* | ०.६९ | नुवाकोट | ०.४५ | मकवानपुर | ०.६२ | सप्तरी | ०.१५ |
| ओखलढुङ्गा | ०.५० | डडेलधुरा | ०.३८ | पर्वत | ०.५७ | मनाङ्ग | २.२० | सल्यान* | ०.४२ |
| कञ्चनपुर | ०.२३ | डोटी | ०.२१ | पर्सा | ०.१८ | महोत्तरी | ०.२० | सर्लाही | ०.२६ |
| कपिलबस्तु | ०.३६ | डोल्पा* | २.१३ | पाल्पा | ०.३६ | म्याग्दी | १.२१ | स्याङ्जा | ०.४९ |
| काठमाण्डौ | ०.४५ | तनहूँ | ०.३५ | पाँचथर | ०.८५ | मुगु* | ०.८४ | संखुवासभा | ०.५४ |
| काभ्रेपलाञ्चोक | ०.६५ | ताप्लेजुङ्ग | ०.५२ | प्यूठान | ०.५६ | मुस्ताङ्ग | २.७५ | सिन्धुपाल्चोक* | ०.६३ |
| कालीकोट* | ०.२४ | तेह्रथुम | ०.३८ | बझाङ्ग | ०.२७ | मोरङ्ग | ०.३६ | सिन्धुली* | ०.३५ |
| कास्की | ०.५५ | दाङ्ग | ०.४५ | बर्दिया | ०.३९ | रसुवा | ०.८० | सिराहा* | ०.२३ |
| कैलाली | ०.२२ | दार्चुला | ०.५० | बाग्लुङ्ग | ०.४९ | रामेछाप | ०.४० | सुनसरी | ०.३७ |
| खोटाङ्ग | ०.७६ | दैलेख | ०.५२ | बाँके | ०.५२ | रुकुम | ०.७५ | सुर्खेत* | ०.५७ |
| गुल्मी | ०.२३ | दोलखा* | ०.४५ | बाजुरा* | ०.३५ | रूपन्देही | ०.३९ | सोलुखुम्बू | ०.८० |
| गोरखा | ०.४१ | धनकुटा | ०.२२ | बारा | ०.२१ | रोल्पा | ०.९७ | हुम्ला | १.०३ |

* यी अङ्कहरू गणना भएको जनसंख्यामा आधारित छन् किनकी यी जिल्लाहरूको गणना कार्यमा बाधा-व्यवधान भएको थियो । (परिचय खण्डमा हेर्नु होस्)
** पारपाचुके र छुट्टिएका व्यक्तिहरूको समानुपात प्रतिशतमा

⊕ छनौटमा परेका घरपरिवारबाट गणना गरिएको । छनौट तरीकाबारे परिचय खण्ड हेर्नु होस् ।



पारपाचुके र छुट्टिएका व्यक्तिहरूको समानुपात
१० वर्ष र सो भन्दा माथिको उमेरका पारपाचुके र छुट्टिएका व्यक्तिहरूको संख्या र सोही उमेर समूहका
कुल विवाहित जनसंख्याको अनुपात प्रतिशतमा, २०५८
संकेत
पारपाचुके र छुट्टिएका व्यक्तिहरूको प्रतिशत
१.०० भन्दा माथि
०.७६ - १.००
०.५१ - ०.७५
०.२६ - ०.५०
०.२५ सम्म
किलोमिटर
ICIMOD
MENRIS 2003